नेपाली राजदूतावास
टोकियो, जापान
Embassy of Nepal
Tokyo, Japan

# विद्युतीय राहदानी (e-Passport) का लागि प्रि-इनरोलमेन्ट शुरु भएको सम्बन्धी जरूरी सूचना

आज मिति २०७८ साल फागुन १३ गते (February 25, 2022) का दिन नेपाली राजदूतावास, टोकियोबाट विद्युतीय राहदानी (E-Passport) का लागि लाईभ इनरोलमेन्ट प्रक्रिया सफलतापूर्वक सम्पन्न भई सेवा प्रारम्भ भएको छ । राहदानी विभागले आजै विभाग र विदेशस्थित विभिन्न नेपाली नियोगहरुको बीचमा एक अन्तर्क्रिया कार्यक्रम आयोजना गरेको थियो । उक्त कार्यक्रममा विभागका महानिर्देशक श्री डोरनाथ अर्यालज्यूले विद्युतीय राहदानी जारी गर्ने प्रक्रियाका बारेमा जानकारी गराउनु हुँदै नियोगहरुलाई आवश्यक निर्देशन दिनुभएको थियो ।

ई-पासपोर्ट प्रणालीको सफलतापूर्वक शुरुवात भएसँगै आजै देखि यस दूतावासमा विद्युतीय राहदानीका लागि आवेदन दिन प्रि-इनरोलमेन्ट बुकिङ्ग खुला गरिएको छ । प्रि-इनरोलमेन्टका लागि राहदानी विभाग वा राजदूतावासको वेभसाइटमा राखिएको निम्न लिखित लिङ्कमा गई विद्युतीय माध्यमबाट तोकिएका विवरण तथा कागजातहरु अपलोड गर्नुपर्नेछः-

https://emrtds.nepalpassport.gov.np

विद्युतीय राहदानी शुरु भएको प्रारम्भिक चरणमा केही दिनका लागि सीमित बुकिङ्ग मात्र खुला गरिएको छ । उक्त अवधिभर हालको राहदानी हराएका, राहदानी र भिषाको बहाल अवधि समाप्त भएका वा तीन महिनासम्मको अवधि बाँकी रहेका व्यक्तिले प्रि-इनरोलमेन्ट गरी समय बुकिङ्ग गरेर लाईभ इनरोलमेन्टका लागि राजदूतावासमा आउनुहुन अनुरोध गरिन्छ ।

नेपाली राजदूतावास
टोकियो, जापान ।

नेपाली राजदूतावास टोकियो

मितिः २०७८।११।१३

Fukukawa House B, 6-20-28, Shimomeguro, Meguro-ku, Tokyo 153-0064,
TEL +81-3-3713-6241/6242, FAX +81-3-3719-0737 E-mail: eontokyo@mofa.gov.np

नेपाली राजदूतावास
टोकियो

# विद्युतीय राहदानी (e-Passport) का लागि
# प्रि-इनरोलमेन्ट सम्बन्धी प्रक्रिया र अन्य जानकारी

## क. विद्युतीय राहदानी आवेदनका लागि प्रि-इनरोलमेन्ट(Pre-Enrollment) कसरि गर्नेः-

- राहदानी विभागको वेबसाइटमा उपलब्ध https://emrtds.nepalpassport.gov.np लिंकमा प्रवेश गरी देहायमध्ये कुनै एक आवेदनको प्रकार छान्ने ।
  - पहिलो पटक राहदानी बनाउने (नेपाली बाबु आमाका जापानमा जन्मेका सन्तानको हकमा) वा हस्तलिखित राहदानीबाहकहरुले नयाँ (New);
  - पुरानो MRP हुनेहरुले नवीकरण (Renewal);
  - हालको राहदानी हराएको हकमा हराएको/चोरिएको (Lost/Stolen);
  - हालको राहदानी विभिन्न कारणले बिग्रेको हकमा बिग्रेको (Damaged);
  - त्यसपछि Ordinary 34 pages अप्सनमा क्लिक गर्ने । अथवा ६६ पेजको राहदानी लिन चाहनेले Ordinary 66 pages अप्सनमा क्लिक गर्ने;
- त्यसपश्चात् उपलब्ध हुने राहदानीको फाराममा भएका विभिन्न चार उपशीर्षकमा रहेका विवरणहरु भर्ने । राजदूतावासहरुबाट आवेदन गर्ने सेवाग्राहीहरूले फाराममा राष्ट्रिय परिचयपत्र नम्बर उल्लेख गर्नु अनिवार्य छैन ।
- अनि नागरिकता प्रमाणपत्रको दुवै पेज, हालको राहदानीको फ्रन्ट र ब्याक पेज (पेज नं ३० र ३१) तथा अन्य सान्दर्भिक कागजात (तल खण्ड `ख` मा उल्लेख भएअनुसारका कागजात) छुट्टाछुट्टै स्क्यान गरी अपलोड गर्ने ।
- अनि Book Your Appointment मा प्रवेश गरेर Other अप्सन क्लिक गरी NE, TOKYO अप्सन छानेर आफूलाई उपयुक्त हुने वा उपलब्धमध्ये अघिल्लो मिति र समय बुकिङ्ग गर्ने
- तत्पश्चात फाराम submit गर्ने र त्यसपछि प्राप्त हुने बारकोडसहितको फाराम डाउनलोड गरी प्रिन्ट गर्ने ।
- Live Enrollment का लागि राजदूतावासमा आउँदा यो फाराम साथमा लिएर आउनु पर्नेछ ।

## ख. प्रि-इनरोलमेन्ट गर्दा अपलोड गर्नुपर्ने कागजातहरुः-

### नवीकरण गर्नका लागि

- नेपाली नागरिकता प्रमाणपत्रको पहिलो र दोश्रो पेज छुट्टाछुट्टै ।यदि नागरिकता / नाबालक परिचयपत्र हराएको र फोटोकपि समेत छैन भने सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट अभिलेख माग गरी सो पत्र अपलोड गर्ने ।
- १६ वर्षमुनिका बालबालिकाको हकमा नाबालक परिचयपत्र ।

- हालको राहदानीको फ्रन्ट पेज (फोटो तथा व्यक्तिगत विवरण भएको पेज) र ब्याक पेज (पेज ३० र ३१) छुट्टाछुट्टै ।
- हालको राहदानी हराएको हकमा जापानको प्रहरीबाट जारी गरिएको राहदानी हराएको प्रहरी प्रतिवेदन ।

जापानमा  जन्मेका बालबालिकाको पहिलो पटक राहदानी बनाउनका लागि

- सियाक्सो (City Office)  / कुयाक्सो (Ward Office) बाट जारी भएको जन्मदर्ताको प्रमाणपत्र
- जाइरोकार्ड (Residence Card)
- बाबु र आमाको नागरिकता र राहदानी
- बाबु र आमाको विवाह दर्ता ।

लाईभ इनरोलमेन्ट गर्न राजदूतावासमा आउँदा उल्लेखित कागजातहरु साथमा लिएर आउनुपर्ने छ ।

## ग. शुल्क:-

- म्याद सकिएर वा राहदानीमा भिषा लगाउने पेज सकिएर नवीकरण गर्दा ३६ पेजको राहदानीका लागि जापानी येन १८०००
- म्याद सकिएर वा राहदानीमा भिषा लगाउने पेज सकिएर नवीकरण गर्दा ६६ पेजको राहदानीका लागि जापानी येन २४०००
- जापानमा जन्मिएका बालबालिकाको पहिलोपटक राहदानी बनाउँदा जापानी येन १५०००
(अस्थायी जन्म दर्ता ६,००० र राहदानी ९,०००)
- १० वर्ष भन्दा कम उमेरका बालबालिकाको राहदानी नवीकरण गर्दा जापानी येन ९०००
**(राहदानी हराएको, च्यातिएको, नष्ट भएकोले अर्को राहदानी बनाउनु परेमा माथि उल्लेखित शुल्कको दोब्बर शुल्क लाग्नेछ) ।**

✓ *१६ वर्ष उमेर पुगेका तर नेपाली नागरिकताको प्रमाणपत्र नबनाएकाहरूको राहदानी नवीकरण गर्दा राहदानीको वहाल अवधि २ वर्षको मात्र हुनेछ र उक्त अवधिमा नेपाल गएर नागरिकता बनाइ अर्को राहदानी बनाउनु पर्नेछ ।*

## ग. अन्य जानकारी:-

- E-Passport का लागि Live  Enrollment गर्न आवेदक स्वयं अनिवार्य रूपमा राजदूतावासमा उपस्थित हुनुपर्ने छ
- ५ वर्ष भन्दा बढी उमेरका आवेदकले e-Passport का निमित्त फोटो ल्याउनु पर्ने छैन ।
- ५ वर्ष भन्दा कम उमेरका बालबालिकाको हकमा फोटो स्टुडियोमा खिचिएको, व्हाइट व्याकग्राउन्ड भएको 35mm x 45mm साइजको रंगिन फोटो खिचेर ल्याउनु पर्नेछ ।
- e-Passport का लागि Pre-enrollment आवेदक आफैले गर्नुपर्ने छ ।

नेपाली राजदूतावास
टोकियो

- राहदानी तयार भएर आएपछि आवेदकको ठेगानामा हुलाकबाट पठाउनका लागि ठेगाना सहितको एउटा लेटर प्याक लिएर आउनु पर्नेछ ।
- सामान्यतः यन्त्रवाचक राहदानी (MRP) को वहाल अवधि बाँकी रहेसम्म सोही राहदानी प्रयोग गर्न सकिने हुँदा विध्युतीय राहदानी (e-Passport) बनाउनु मिल्दैन ।
- राहदानीको वहाल अवधि (Validity) म्याद १ वर्ष भन्दा कम भएमा मात्र राहदानी नवीकरण गर्न पाइनेछ ।
- फाराममा नेपालको ठेगाना भर्दा नयाँ ठेगाना लेख्नु होला ।

<u>नोटः-</u>

E-Passport का निमित्त Pre-Enrollment गर्दा आफ्ना विवरणहरू भरिसकेपछि पेश (Submit) गर्नु भन्दा अगाडि राम्रोसँग रूजु गर्नुहुन अनुरोध गरिन्छ । यदि गलत विवरण पेश भएमा त्यही गलत विवरण उल्लेख भएर राहदानी (Passport) तयार हुनेछ र सच्चाउनु परेमा पुनः दस्तुर लाग्नेछ ।